आज मिती २०६६ साल माघ १६ गते शुक्रबारका दिन बेसी-शहर नगरपालीकाका प्रमुख श्री गुमान सिंह अर्याल ज्यु को अध्यक्षतामा कार्यपालीकाको ६५ औं बैठक बसी तपसील बमोजिम उपस्थितीमा तपसिल बमोजिम छलफल एवं निर्णय गरीयो ।

उपस्थिती :

| | | |
|---|---|---|
| १. | प्रमुख | श्री गुमान सिंह अर्याल |
| २. | उप-प्रमुख | श्री लक्ष्मी देवी अधिकारी |
| ३. | वडा अध्यक्ष वडा नं. १ | श्री बलराम श्रेष्ठ |
| ४. | " " " २ | श्री गणेश बहादुर कंडेल |
| ५. | " " " ३ | श्री सुर्य कुमार श्रेष्ठ |
| ६. | " " " ४ | श्री लालविर गुरुङ |
| ७. | " " " ५ | श्री बमबहादुर गुरुङ |
| ८. | " " " ६ | श्री भोज बहादुर रिमाल |
| ९. | " " " ७ | श्री गोबिन्द बहादुर बस्नेत |
| १०. | " " " ८ | श्री पवित्रा थापा राना |
| ११. | " " " ९ | श्री शरद बराल |
| १२. | " " " १० | श्री पूर्ण बहादुर थापा |
| १३ | " " ११ | श्री अच्युत बाबु बगाले |
| १४. | कार्यपालीका सदस्य | श्री विष्णु माया राना |
| १५ | " " | श्री मन्दिरा दनाई |
| १६. | " " | श्री देव बहादुर गहतराज |
| १७. | " " | श्री अजय मजाकोटी |
| १८ | " " | श्री मनमाया गुरुङ |
| १९. | " " | श्री रोज बहादुर खवास |
| २०. | " " | श्री कृष्ण नेपाली |
| २१. | " " | श्री आशा तामाङ |
| २२. | सदस्य सचिव | श्री पुष्पराज पौडेल |
| | सहजकर्ता कर्मचारी | |
| २३. | कार्यक्रम अधिकृत | श्री मेघेन्द्र पोखरेल |
| २४. | अधिकृत | श्री विमला गौतम |
| २५. | सहायक स्तर पाँचौ | श्री गोविन्द ब. राउत |

**बैठकका प्रस्तावहरु**

१. संशोधित आय अनुमान सम्बन्धमा
२. अर्धबार्षिक प्रगति सम्बन्धमा
३. ऐन, नियम, कार्यविधि, निर्देशिका स्वीकृत गर्ने सम्बन्धमा
४. लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा (आ.व.२०७५/७६ को अन्तिम लेखा परीक्षण प्रतिवेदन)
५. बेरुजु फछर्यौट समिति सम्बन्धमा
६. सडक बोर्डको कार्यक्रम सम्बन्धमा
७. सडक कालोपत्रेतर्फको योजना सम्बन्धमा गत बैठकको निर्णयानुसार
८. वडास्तरीय योजना तथा कार्यक्रम सम्बन्धमा ( वडा नं १०, .....)
९. हाते ट्याक्टर खरीद सम्बन्धमा ।
१०. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको सम्बन्धमा
११. व्यवसाय करमा १०% छुटको व्यवस्था सम्बन्धमा
१२. बैंक तथा वित्तिय संस्थाहरुलाई लेखी पठाउने सम्बन्धमा
१३. सवै व्यवसायहरुलाई सूचीकृत गर्ने सम्बन्धमा
१४. विज्ञापन करमा छुटको व्यवस्था सम्बन्धमा
१५. आइ इ इ को प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा
१६. वार्षिक सवारी कर सम्बन्धमा ।
१७. नीजि जग्गाबाट श्रोत उपयोग कर संकलनको लागि दिइएको अनुमति सदर गर्ने सम्बन्धमा
१८. गैससको कार्यक्रम स्वीकृति सम्बन्धमा (आसमान)
१९. घ वर्गको निर्माण व्यवसायी इजाजत प्रदान गर्ने सम्बन्धमा प्रो नेत्र बहादुर गुरुङ बेनपा ८
२०. विविध

- गत आवको समपुरक अनुदानतर्फको सडक योजनाको सम्बन्धमा ।
- गत आवको प्रदेश सशर्ततर्फको योजना सम्बन्धमा ।
- जेसिवि अपरेटको करार सम्झौता सम्बन्धमा ।

## निर्णयहरु

**निर्णय नं. १: संशोधत आय अनुमान सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको मिति २०७७ असार १९ गते सम्पन्न सातौं नगरसभाबाट स्वीकृत भएको आय अनुमानलाई देहाय वमोजिम संशोधन गरी स्वीकृतिका लागि आठौं नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

*देहाय :*

| क्र. सं. | विवरण/ शिर्षक | बजेट (रु हजारमा) | | |
|---|---|---|---|---|
| | | सातौं नगरसभाबाट स्वीकृत बजेट | आठौं नगरसभाबाट संशोधित बजेट | कैफियत |
| १ | संघीय समानीकरण अनुदान | १३४३०० | १३४३०० | |
| २ | प्रदेश समानीकरण अनुदान | १२३८९ | १२३८९ | |
| ३ | संघीय राजश्व बाँडफाँड | ९१५०१ | ९१५०१ | |
| ४ | प्रदेश राजश्व बाँडफाँड | ९१०८ | ९१०८ | |
| ५ | आन्तरिक आय | ३५०८० | ३५०८० | |

| क्र. सं. | विवरण/ शिर्षक | बजेट (रु हजारमा) | | |
|---|---|---|---|---|
| | | सातौं नगरसभाबाट स्वीकृत बजेट | आठौं नगरसभाबाट संशोधित बजेट | कैफियत |
| ६ | अघिल्लो आ.व.को जिम्मेवारी सारेको | ६०००० | ६०८१८ | |
| ७ | संघीय शसर्त अनुदान | २६५०७९ | २६९६०० | |
| ८ | प्रदेश शसर्त अनुदान | ५००० | ५००० | |
| ९ | संघीय समपुरक अनुदान | १५००० | १५००० | |
| १० | संघीय विशेष अनुदान | ५००० | ५००० | |
| ११ | प्रदेश समपुरक अनुदान | ५००० | ५००० | |
| १२ | प्रदेश विशेष अनुदान | ० | ० | |
| १३ | सडक बोर्ड | ४५०० | ६५०० | |
| १४ | सामाजिक सुरक्षा | १२०००० | १२०००० | |
| १५ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ० | ५००० | |
| १६ | सा. वि. मन्त्रालय सहजी रंगशाला स्तरोन्नति | ० | ३००० | |
| १७ | सा.वि. मन्त्रालय मानवसेवा आश्रम भवन निर्माण | ० | ५००० | |
| १८ | सुरक्षित आवास कार्यक्रम | ० | १८१२ | |
| १९ | सा. वि. मन्त्रालय आश्रय स्थल निर्माण सञ्चालन | ० | १००० | |
| २० | विद्युत रोयल्टी (वन समेत) | ० | ५२७३ | |
| | **जम्मा** | ७६१९५७ | ७९०३८१ | |

**निर्णय नं. २: चालु आवको अर्धबार्षिक प्रगति समीक्षा सम्बन्धमा ।**

चालु आव २०७७०७८ को अर्धबार्षिक प्रगति समीक्षा गरियो । साथै समीक्षाको क्रममा बैठकमा प्राप्त भएका प्रगति र सुझावहरु समेत समावेश गरी अर्धबार्षिक प्रगति प्रतिवेदन आठौं नगरसभा समक्ष प्रस्तुत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ : विधेयक, नियमावली तथा कार्यविधि नगरसभामा पेश गर्ने सम्बन्धमा ।**

देहायका विधेयक, नियमावली तथा कार्यविधिहरुका सम्बन्धमा छलफल भई स्वीकृतिका लागि नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**देहाय :**

१. कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी ऐन, २०७७,
२. बेसीशहर नगरपालिकाको पर्यटन विकास ऐन, २०७७
३. बेसीशहर नगरपालिकाको विद्यायन समिति नियमावली, २०७७
४. बेसीशहर नगरपालिकाको अनौपचारिक शिक्षा शिक्षण सहयोग सञ्चालन निर्देशिका,२०७७.
५. बेसीशहर नगरपालिकाको नक्शापास परामर्श सेवा कार्यविधि, २०७७
६. बेसीशहर नगरपालिका अस्पताल व्यवस्थापन समिति गठन निर्देशिका, २०७७
७. बेसीशहर नगरपालिकाको संस्थागत विद्यालय छात्रबृत्ति वितरण कार्यविधि २०७७
८. शहरी योजना आयोग गठन तथा सञ्चालन कार्यविधि,२०७७
९. बेसीशहर पत्रकार कल्याणकारी कोष सञ्चालन निर्देशिका, २०७७

**निर्णय नं. ४ : लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा**

महालेखापरीक्षकको कार्यालय काठमाण्डौबाट प्राप्त बेसीशहर नगरपालिकाको आ.व. २०७५/०७६ को अन्तिम लेखा परीक्षण प्रतिवेदनबारे जानकारी भई आवश्यक छलफल गरियो । साथै उक्त प्रतिवेदन आठौं नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ : बेरुजु फछ्र्यौट समिति सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको अन्तिम लेखा परीक्षण प्रतिवेदनले औंल्याएका बेरुजु फछ्र्यौटको लागि देहाय बमोजिमको लेखा समिति गठन गर्ने निर्णय गरियो ।

देहाय:

| | |
|---|---|
| १.श्री प्रमुख प्रशासकीय अधिकृत, बेसीशहर नगरपालिका | संयोजक |
| २.श्री लेखा शाखा प्रमुख, बेसीशहर नगरपालिका | सदस्य |
| ३.श्री राजश्व शाखा प्रमुख, बेसीशहर नगरपालिका | सदस्य |

**निर्णय नं. ६ : सडक बोर्डको कार्यक्रम सम्बन्धमा**

सडक बोर्ड नेपालको च.नं. ६६९ मिति २०७७/९/२४ को प्राप्त पत्रानुसार चालु आ.व. २०७७।०७८ मा सडक मर्मत सम्भार कार्यको लागि ब.उ.शि. नं ३३७३१०११३ अन्तर्गत रु. ६५,००,०००।- (पैंसठ्ठी लाख मात्र) बजेट प्राप्त भएको हुँदा सडक बोर्डको ७०%, नगरपालिकाको २०% र स्थानीय समुदायको १०% साझेदारी वमोजिम सो बजेटमा नियमानुसार नगरपालिकाको तर्फबाट १८,५७,१५०।- (अठार लाख सन्ताउन्न हजार एक सय पचास मात्र) पूर्वाधार विकास लागत साझेदारी शिर्षकबाट समपुरक कोष थप गरी देहायको सडक योजनाहरु मर्मत सम्भार तथा स्तरोन्नति गर्ने निर्णय गरियो ।

देहाय:

१.रिठ्ठेबगर भकुण्डे तिलाहार बस्नेतगाउँ सडक, बेसीशहर नगरपालिका ११

**निर्णय नं. ७ : लागत साझेदारी सडक कालोपत्रेतर्फको योजना सम्बन्धमा ।**

यस कार्यपालिकाको मिति २०७७/०८/३० को बैठकको निर्णयानुसार लागत साझेदारीमा सडक कालोपत्रतर्फ मनाङेचौतारा तमु आमा समुह र जनचेतना आमा समुह जाने सडक कालोपत्रे गर्नको लागि रकम विनियोजन भएकोमा उक्त सडकको शाखा छुट हुन गएकोले उक्त छुट सडक समेतको कुल ल.इ. रु २९,५४,१८१।- आएको हुँदा नगरपालिकाबाट व्यहोर्नु पर्ने रकम रु १७,४६,३१४।- मध्ये गत कार्यपालिका बैठकबाट रु १२,७८,११७।- विनियोजन भइ भएको र अपुग रकम रु ४,६८,१९७- फुटकर शिर्षकबाट थप गरी नगरपालिकाबाट व्यहोर्नु पर्ने कुल रकम रु १७,६४,३१४।- (सत्र लाख चौंसठ्ठी हजार तीन सय चौध मात्र) कायम भएको निर्णय गरियो ।

**निर्णय नं ८ : वडास्तरीय योजना संशोधन सम्बन्धमा ।**

नगरसभा तथा कार्यपालिका बैठकबाट निर्णय भएका चालु आव २०७७।७८ का देहाय वमोजिमका योजना तथा कार्यक्रमहरु देहाय वमोजिम संशोधन एवम् परिमार्जन गर्ने निर्णय गरियो ।

| क्र.सं | साविक योजना/कार्यक्रमको नाम र ठेगाना | विनियोजित रकम रु | संशोधित योजनाको नाम र ठेगाना | विनियोजित रकम रु |
|---|---|---|---|---|
| १ | कृषि तथा पशु सेवा सम्बन्धी कार्यक्रम बेनपा १० | ५००००० | १. बडिजो खरीद बेनपा १०<br>२.स्थायी टनेल निर्माण बेनपा १० | २०००००<br>३००००० |
| २ | १.वडा कार्यालय व्यवस्थापन बेनपा १०<br>२.बाँझाखेत, राउतथोक, आँपचौर, पासाचौर,थारचौर र सालडाँडा खानेपानी डिपिआर बेनपा १० | ५००००००<br>२००००० | १.लप्सेदेखि साउने खोलासम्म नाली निर्माण बेनपा १०<br>२.देवी महिला समुह भवन शौचालय निर्माण बेनपा १० | ६०००००<br>१००००० |
| ३ | १.विपद तथा फुटकर योजना रकम बेनपा १० | २००००० | १.भाचोकखोला काठेपुल मर्मत बेनपा १०<br>२.देउजनथोक खाँचे जोड्ने भाचोकखोला | ६००००<br>४०००० |

| | | | | |
|---|---|---|---|---|
| | वडास्तरीय युवा तथा खेलकुद बेनपा १० | ५०००० | काठेपुल मर्मत बेनपा १०<br>३.खासुरबेसी झाँकेखोला संरक्षण बेनपा १० | १००००० |
| ४ | कृषि, पशु, स्वास्थ्य र संकलन केन्द्र बेनपा ८ | ४००००० | १.कृषि तरकारी विउ विजन खरीद<br>२.सुनौलो हजार दिन आमाहरुलाई पोषण कार्यक्रम<br>३. पशुसेवा बाखापालन तथा संकलन केन्द्र | ४५०००<br>१२२०००<br>२३३००० |
| ५ | लक्षित कार्यक्रम सञ्चालन बेनपा ८ | ७६१००० | १.महिला द्वन्द्व पीडित बालबालिका<br>२.नवोदित बाल विकास<br>३.जेष्ठ नागरिक<br>४.महिला सचेतनामूलक कार्यक्रम<br>५. महिला सीप<br>६.युवा<br>७.अपांगता भएकाहरुको लागि<br>८.दलित कार्यक्रम<br>९.जनजाति कार्यक्रम<br>१०.विविध | ३००००<br>३००००<br>१४००००<br>५००००<br>१५००००<br>१०००००<br>५००००<br>५००००<br>१०००००<br>६१००० |
| ६ | गौंथली पार्कको अधुरो नाली निर्माण बेनपा ८ | २००००० | मर्स्याङ्दी किनारमा दाह संस्कारको लागि चिता निर्माण बेपना ८ (अव ४ लाख हुने) | २००००० |

**निर्णय नं ९ : हाते ट्याक्टर (मिनि टिलर) खरीद सम्बन्धमा**

चालु आ.व.को कृषितर्फको कृषि यान्त्रिकीकरण कार्यक्रम अन्तर्गत कृषकहरुलाई ५०% अनुदानमा हाते ट्याक्टर (मिनि टिलर) उपलब्ध गराउने सन्दर्भमा सो हाते ट्याक्टरको सप्लायर्सहरुसंग नगरप्रमुख समेतको रोहबरमा यसको मूल्य घटाघटको बार्गेनिङ गर्दा तीन थरिका ट्याक्टरको मूल्य क्रमशः ५० हजार, ६० हजार र ७० हजार कायम भएको हुँदा कृषकको आफ्नो इच्छा वमोजिमको ट्याक्टर कृषकले उपरोक्त मूल्यमा खरीद गर्ने र नगरपालिकाको तर्फबाट खरीदमूल्यको ५०% वा रु.२८,०००।- जुन कम हुन आउँछ सो रकम नगरपालिकाबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं १० : राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको सम्बन्धमा ।**

शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित सूचना वमोजिम राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि सम्बन्धित विद्यालयहरुको माग समेतका आधारमा देहायका कार्यक्रम सिफारिश गरिएको व्यहोरालाई समर्थन गर्ने निर्णय गरियो ।

देहाय :

१. श्री अन्नपूर्ण मावि एक कोठे आइसिटी ल्याव भवन, विद्यालय गेट र घेराबार निर्माण बेनपा ५

२.श्री जनकल्याण मावि भौतिक पूर्वाधार विकास, नविन प्रविधि नवप्रवर्तन र सिकाई सामाग्री व्यवस्थापन बेनपा १

**निर्णय नं ११ : व्यवसाय करमा १०% छुटको व्यवस्था सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको आर्थिक ऐन २०७७ अनुसार बेसीशहर नगरपालिका भित्र सञ्चालनमा रहेका व्यवसायिक प्रतिष्ठानहरुबाट लिईने व्यवसाय करमा २०७७ पौष मसान्तसम्म १०% छुटको व्यवस्था गरिएकोमा उद्योग बाणिज्य संघ बेसीशहर इकाई समेतले उक्त १०% छुटको समायवाधि थप गर्नको लागि माग गरेकाले २०७७ फागुन मसान्तसम्मको लागि व्यवसाय करमा १०% छुट दिने निर्णय गरियो ।

**निर्णय नं १२ : बैंक तथा वित्तिय संस्थाहरुलाई लेखी पठाउने सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाभित्र स्थापना भएका बैंक तथा सहकारी संस्थाहरुबाट व्यवसायीहरुलाई प्रदान गरिने ऋण लगायत अन्य सेवा सुविधा प्रदान गर्दा बेसीशहर नगरपालिका भित्र सञ्चालन भएका व्यवसायहरुको हकमा नगरपालिकाको सूचिकृत प्रमाणपत्रको प्रतिलिपी अनिवार्य संलग्न राख्नु पर्ने व्यवस्था हुनको लागि बैक तथा वित्तिय संस्थाहरुलाई लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं १३ : व्यवसायिक प्रतिष्ठानहरुलाई सूचीकृत गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका भित्र विगतदेखि सञ्चालनमा रहेका केही विदेशी नागरिक (भारतीय) हरुले अनुगमनको क्रममा कुनै पनि निकायमा दर्ता नभई तथा अनुमति नलिई ब्यापार ब्यवसाय सञ्चालन गर्दै आइरहेको र केहीले अन्यत्र बसोसास गर्ने नेपाली नागरिकको नाममा पसल दर्ता गरी ब्यवसाय सञ्चालन गरेका त्यस्ता केही ब्यवसायीहरु स्थानीयलाई ठगेर बेपत्ता भएको समेत पाइएकोले बेसीशहर नगरपालिकाभित्र ब्यापार ब्यवसाय गर्ने गैर नेपाली (भारतीय) नागरिकहरुलाई यस कार्यालयले तोकेको दररेटमा ब्यवसाय कर लिई सूचिकृतको प्रमाण-पत्र प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं १४ : विज्ञापन करमा छुटको व्यवस्था सम्बन्धमा ।**

यस कार्यालय र आकृति एडभरटाईजिङ्ग, बिराटनगरबीच मिति २०७६।०४।१६ मा भएको सम्झौता अनुसार यस कार्यालयले तोकेको दररेटमा नगरपालिका क्षेत्रभित्र राखिएका होडिङ्ग बोर्ड लगायत संघसंस्थाबाट लिइने विज्ञापन करको लागि ३ वर्षको अवधीको लागि सम्झौता भएकोमा कोभिड १९ का कारण गत वर्षको अन्तिम तीन महिना साथै चालु आ.व.को प्रथम चौमासिक अवधीमा पनि लकडाउनको अवस्थामा रहेकोले कुनैपनि संघसंस्थाबाट विज्ञापन कर उठाउन नसकेका कारण छुट माग गरेकाले चालु आव २०७७/०७८ को सम्झौता बमोजिमको बुझाउनु पर्ने रकममा २५% छुट गरी हुन आउने रकम दाखिला गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं १५ : IEE प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका क्षेत्रभित्र रहेका नदी तथा खोलाहरुबाट निस्कने नदीजन्य पदार्थहरु (ढुंगा, गिटी, वालुवा आदि) उत्खनन्, संकलन तथा विक्री कार्यका Technocratic Engineering Consultancy Pvt. Ltd., ललितपुरले पेश गरेको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो । साथै सम्झौता गर्दाका बखत १५ वटा घाटहरु तोकिएकोमा नगरपालिकाको आदेश वमोजिम पछि थप ३ वटा घाटहरु समेतको IEE मूल्यांकन गरी प्रतिवेदन पेश गरेको हुँदा सो संस्थालाई रु. ५०,०००।- (पचास हजार मात्र) थप रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १६ : बार्षिक सवारी कर सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको आर्थिक ऐन, २०७७" को दफा ८ (अनुसूची ६) मा विभिन्न सवारी करहरु निर्धारण गरेको साथै यातायात कार्यालयमा विभिन्न सवारी साधनहरुको ब्लुबुक दर्ता/नवीकरण गर्दा स्थानीय निकायमा नियमानुसार तिर्नुपर्ने कर तिरेको रसिद समावेश भएपछि मात्र सवारी साधनहरुको दर्ता/नवीकरण गर्ने प्रावधान रहीआएकोमा हाल लमजुङ जिल्लास्थित बेसीशहरमा पनि यातायात व्यवस्था शाखा कार्यालय स्थापना भई सवारी साधनहरुको नवीकरण हुँदै आइरहेको हुँदा नवीकरण गर्न आउने सम्पूर्ण सवारी धनीहरुबाट अनिवार्य रुपमा स्थानीय स्तरमा तिरेको सवारी करको रसिद प्राप्त भएपछि मात्र तहाँबाट नवीकरण गरिदिने व्यवस्थाका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं १७ : नीजि जग्गाबाट श्रोत उपयोग कर संकलनको लागि दिइएको अनुमति सदर गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका क्षेत्र भित्र रहेका जग्गाधनीहरुले निजको निजी जग्गाबाट नदीजन्य पदार्थ (ढुंगा, गिटी, बालुवा) को अनुमतिको माग भएबमोजिम यस कार्यालयबाट विभिन्न मितिमा भएका निर्णयानुसार रित पुऱ्याई इष्टिमेट अनुसारको रकम दाखिला गरेर निजी जग्गाबाट उत्खनन्, संकलन तथा विक्री कार्यका लागि विभिन्न मितिमा दिइएको अनुमति सदर गर्ने निर्णय गरियो ।

**निर्णय नं १८ : नीजि जग्गाबाट प्राकृतिक श्रोत साधनको संकलन कार्यविधि २०७७ सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको "नीजि जग्गाबाट प्राकृतिक श्रोत साधनको संकलन कार्यविधि, २०७७" स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं १९ : गैससको कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा ।**

विद्यालय तथा समुदायमा बहिनी शिक्षाको लागि दिदी कार्यक्रम भाग २ तथा सुरक्षित सिकाई परियोजना कार्यक्रम सञ्चालनको लागि आसमान नेपाल नामक गैर सरकारी संस्थाले अनुमति माग गरेको सन्दर्भमा उक्त संस्थालाई आवश्यक समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालनको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं २० : घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने सम्बन्धमा ।**

प्रक्रिया पुरा गरी पेश हुन आएको देहायको फर्म/कम्पनीलाई बेसीशहर नगरपालिकाबाट प्रदान गरिने घ वर्गको निर्माण व्यवसायी इजाजत्र पत्र प्रदान गर्ने निर्णय गरियो ।

**देहाय :**

पानस कन्स्ट्रक्सन बेनपा ८ प्रो. नेत्र बहादुर गुरुङ

**निर्णय नं २१ : गत आवको समपुरक अनुदानतर्फको सडक योजनाको सम्बन्धमा ।**

गत आव २०७६/७७ मा समपुरक अनुदानतर्फको बेसीशहर नगरपालिका ६ र ७ स्थित बेसीशहर युनिभर्सल चोकदेखि मकैडाँडा सडक स्तरोन्नतिको लागि नियमानुसार ठेक्का सम्झौता भई निर्माण कार्य गरिरहेको कर्ण बिल्डर्स प्रालि काठमाण्डौसंगको ठेक्का सम्झौताको म्याद २०७७।१०।२० मा समाप्त हुने हुँदा र कोभिड १९ को कारण तोकिएको समयमा कार्य सम्पन्न हुन नसकेको कारण सो संस्थाले म्याद थपको लागि निवेदन पेश गरेको हुँदा उक्त योजनाको म्याद २०७७ फागुन मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं २२ : गत आवको प्रदेश सशर्ततर्फको योजना सम्बन्धमा ।**

गत आवको प्रदेश सशर्ततर्फ बेसीशहर मैयुं सारिङ मनाङ सडक निर्माणको लागि ठेक्का पाएको उर्लेनी दुदुगाउँ कन्स्ट्रक्सन धुलिखेलले हालसम्म पनि कार्य सम्पन्न नगरी सम्पर्कमा समेत नरहेको हुँदा सो निर्माण कम्पनीलाई तुरुन्त बोलाई कार्य सम्पन्न गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं २३ : जेसिवि अपरेटको करार सम्झौता सम्बन्धमा ।**

यस नगरपालिकामा रिक्त रहेको जेसिवी अपरेटर पदमा कार्य गर्नको लागि मर्स्याङ्दी गाउँपालिका ३ निवासी श्री विनोद गुरुङसंग निजले काम गरेको मिति (२०७७/०९/०५) देखि नै लागु हुने गरी करार सम्झौता गर्ने निर्णय गरियो । साथै निजको पारिश्रमिक मासीक रु. २०,०००।- (बीस हजार) तथा काम गरेको समयमा प्रति घण्टा रु २००।- का दरले अतिरिक्त सुविधा दिने साथै निजलाई चाडबाड खर्च र पोशाक भत्ता समेत उपलब्ध गराउने निर्णय गरियो ।